# स्थानीय राजपत्र

त्रिपुरासुन्दरी गाउँपालिकाद्वारा प्रकाशित

(खण्ड ३) सल्यानटार, धादिङ, २०७७ साल माघ २५ गते (संख्या ८)


## भाग २

## त्रिपुरासुन्दरी गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय–पत्र वितरण निर्देशिका, २०७७

**परिचय** : ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्ने तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा सुविधाको उचित व्यवस्थापन गर्न वान्छनीय भएकोले नेपालको संविधान २०७२ को अनुसूची-८ को क्र.सं. १६ बमोजिमका सेवा सुविधा प्रदान गर्न स्थानीय सरकार सञ्चालन ऐन

२०७४ को परिच्छ ३, दफा (११) उपदफा त (२) ले दिएको अधिकार प्रयोग गरी त्रिपुरासुन्दरी गाउँकार्यपालिको बैठकबाट यो ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७७ कार्यान्वयनमा ल्याईएको छ।

१. **परिचय–पत्र वितरणका आधार :**

नेपालको संविधान २०७२ को धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक तथा ज्येष्ठ नागरिकसम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन्।

२. **उद्देश्य :**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गरी गाउँपालिका र वडाहरुमा ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधानअनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरणअनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने।

३. **लक्षित वर्ग** :

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पूरा गरेका सबै नेपाली नागरिकहरु यसमा सहभागी हुन पाउने छन् ।

४. **ज्येष्ठ नागरिकको वर्गीकरण** :

ज्येष्ठ नागरिकसम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम

(१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएको छ :

(क) ६० वर्ष पूरा भई सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक।

५. **परिचय-पत्र वितरणका मापदण्ड :**

ज्येष्ठ नागरिकसम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक-पत्रपरिचय प्रदान गर्न सकिनेछ।

६. **ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा:**

ज्येष्ठ नागरिकसम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ। ज्येष्ठ नागरिकपत्रको परिचय आकार नेपाली नागरिकताको प्रमाण-पत्र वा सो भन्दा केही ठुलो आकारको हुनेछ।

७. **परिचय-पत्र वितरण प्रक्रिया :**

क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसुची २ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ। यस प्रयोजनका लागि नागरिकताको प्रमाण-पत्रलाई आधार मानिनेछ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी हुनेछ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी गाउँपालिकाको कार्यालयमा राखी वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराईनेछ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्र हराएको कारणले प्रतिलिपि लिन परेमा सम्बन्धित प्रहरी कार्यालयको सिफारिश वा वडाको सिफारिशसहित

सम्बन्धित गाउँपालिकामा निवेदन पेश गर्नु पर्ने छ।

८. **विविध** :

(क) आवश्यकताका आधारमा ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि त्रिपुर ासुन्दरी गाउँपालिकाले कार्यविधि निर्धारण गर्नेछ।

(ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्थाबाहेक प्रचलित कानूनको अधीनमा रही गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

(ग) यो कार्ड निशुल्क रुपमा उपलब्ध हुनेछ।

**अनुसूची १**

**ज्येष्ठ नागरिक परिचय-पत्र**

प.प. नं -ः

नाम थर ः ..............................................

ना.प्र.न. ः ..........

ठेगाना ः जिल्ला ....................गा.पा. ः ....................

वडा नं. ः ............ टोल/गाउँ ः .....

उमेर ः ........... लिङ्ग ः ...........

उपलब्ध छुट तथा सुविधाहरु ः ........................

पति/पत्नीको नाम ः ........................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण ः

.......................................................

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं. ः

.............................................................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम ः

...................................................................................

प्रमाणित गर्ने अधिकृतको ः

दस्तखत ः

नाम थर ः

पद ः

कार्यालय ः

**अनुसूचि २**

**निवेदनको ढाँचा**

**मितिः**–२०...../....../.......

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू**
**त्रिपुरासुन्दरी गाउँपालिका, सल्यानटार, धादिङ।**
**वागमती प्रदेश, नेपाल**

**बिषय :– जेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराई पाउँ।**

**महोदय,**

उपरोक्त सम्बन्धमा नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम ज्येष्ठ नागरिक लाई सरल र सहज रुपमा सेवा प्रदान गर्ने उद्येश्य का साथ जेष्ठ नागरिक परिचपत्र उपलब्ध गराउने व्यवस्था भएको जानकारी प्राप्त भएको तथा मेरो उमेर नेपाली ना.प्र.प. बमोजिम ६० बर्ष पूरा भई सकेकोले ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिकाबमोजिम मलाई जेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु।

**निबेदक**

नाम थर : .............................. दस्तखत : .............
ना.प्र.न. : ......................................................
ठेगाना : त्रिपुरासुन्दरी गाउँपालिका वडा नं : ..............., धादिङ
टोल : ....................................
जन्म मिति : ............./...../..... उमेर : ...... लिङ्ग : ......
रक्त समूह :............
सम्पर्क ब्यक्तिको नाम थर : ..............................................
संरक्षकको नाम थर :..................................................
सम्पर्क नं. : ............................................................

औठाछाँप

आज्ञाले,
रामचन्द्र इटनी
प्रमुख प्रशासकीय अधिकृत



त्रिपुरासुन्दरी गाउँपालिकाद्वारा प्रकाशित ।